प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं
"दण्डहिनता विरुद्ध CIB को अभियान"

**बिषय:-** <u>प्रेस विज्ञप्ती</u>

मिति २०७६/१२/०४ गते।

### "१८ बर्ष अघि आफ्नै सौतेनी आमाको हत्या गर्ने पक्राउ"

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिबादी जिल्ला धादिङ्ग साविक थाक्रे गा.वि.स. वडा नं.३ हाल थाक्रे गा.पा. वडा नं. ६ रानीबारी बस्ने सर्वजित थापाको छोरा वर्ष ५८ को कान्छा थापा भन्ने रण बहादुर थापालाई यस व्यूरोबाट खटिएको टोलीले घटना घटेको १८ वर्ष पछि मिति २०७६/१२/०४ गते जिल्ला धादिङ्ग थाक्रे गा.पा.वडा नं. ६ रानीबारीबाट पक्राउ गरी आवश्यक कारवाहीको लागि आजै मिति २०७६/१२/०४ गते जिल्ला प्रहरी कार्यालय धादिङ्गमा बुझाईएको।

**घटना विवरण :**

जिल्ला धादिङ्ग साविक थाक्रे गा.वि.स. वडा नं.३ हाल थाक्रे गा.पा. वडा नं. ६ रानीबारी बस्ने कान्छा भन्ने रण बहादुर थापाको बुवा सर्वजित थापाको सवारी दुर्घटनामा परी मृत्यु भए पश्चात निजको कान्छी श्रीमती कान्छी थापा आफ्नो छोरी ज्वाँईको घरमा बस्ने गरेकोमा श्रीमानको बर्खीको कामको लागि जिल्ला धादिङ्ग साविक थाक्रे गा.वि.स. वडा नं.३ हाल थाक्रे गा.पा. वडा नं. ६ रानीबारी स्थित आफ्नो घर गएको समयमा मिति २०५८/१०/१४ गते निजको सौतेनी छोरा कान्छा भन्ने रण बहादुर थापाले अंश सम्बन्धी विवादको कारण आफ्नै सौतेनी आमा साईली थापालाई आफ्नै घर भित्र घाँटी थिची हत्या गरी घटना पश्चात फरार रही लामो समयसम्म काठमाण्डौं स्थित टेकुमा लुकी छिपी बसी पछिल्लो समयमा आफ्नै घरमा गएर बसेको।

**पक्राउ प्रतिवादीहरूको विवरण:**



| | |
|---|---|
| **नाम** | : **रण बहादुर थापा** |
| **उपनाम** | : कान्छा |
| **उमेर** | : तत्काल ४० वर्ष, हाल ५८ वर्ष |
| **वुवाको नाम** | : सर्वजित थापा |
| **ठेगाना** | : जिल्ला धादिङ्ग साविक थाक्रे गा.वि.स. वडा नं.३ हाल थाक्रे गा.पा. वडा नं. ६ रानीबारी |
| **पक्राउ मिति** | : २०७६/१२/०४ गते। |
| **पक्राउ स्थान** | : जिल्ला धादिङ्ग थाक्रे गा.पा. वडा नं. ६ रानीबारी |

प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नंबर:- ९८५१२९१३११